स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम, प्रदेश, नेपाल

(खरिद इकाई)

अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल

## दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

(सूचना नं १८ दोस्रो पटक प्रकाशित मिति: २०८२।०७।२७)

यस गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत स्वास्थ्य शाखाको लागि औषधि तथा सर्जिकल सामाग्री खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ र अपिहिमाल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ९५ बमोजिम खरिद गर्नु पर्ने भएकाले ईच्छुक फर्म/कम्पनी/सप्लायर्सले तपसिलमा उल्लेखित मिति, समय र स्थानमा रीतपूर्वकको दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | खरिद कार्यको विवरण | सुचीकृत दस्तुर (रू.) | लागत अनुमान (मु. अ. कर सहित) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | अपिहिमाल गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद। | १०००।०० | ११७४०७० | मिति:२०८२।०८।०३ गते<br>समय: बेलुका ४ बजे भित्र<br>स्थान: अपिहिमाल गा.पा. कार्यालय खण्डेश्वरी, दार्चुला। | |

१. दरभाउपत्र पेश गर्ने सप्लायर्स / फर्मले अनिवार्य रुपमा दरभाउपत्र पेश गर्ने व्यहोरा सम्बन्धी **लिखित निवेदन** सहित नविकरण भएको फर्म/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको व्यवसायको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ।

२. दररेट पेश गर्ने फर्म/ कम्पनी/सप्लायर्सले अहपिहिमाल गाउँपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिमको राजस्व रकम रू. १०००।०० (अक्षररूपी एक हजार रूपैयाँ मात्र) गाउँपालिकाको माछापुच्छ्रे बैंक लि. खण्डेश्वरी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०९८००७५९६२८००१६१ मा जम्मा गरी मौजुदा सूचीमा सूचीकृत भएको हुनु पर्नेछ।

३. उक्त खरिद कार्यको लागि आवश्यक BoQ यस कार्यालयको वेबसाइट www.apihimalmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

४. दरभाउपत्र अपिहिमालको ईमेल- आइडी apihimaldarchula@gmail.com मा पठाउन सकिनेछ।

५. BoQ मा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखेर पेश गर्नु पर्नेछ। केरमेट भएको दरभाउपत्र (BoQ) र म्याद नाघी आएका दरभाउपत्र मूल्यांकनमा समाबेश गरिने छैन।

६. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा भई कार्यालय बन्द रहेमा विदा सकिएपछि कार्यालय खुल्ला भएको दिनको कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सकिनेछ।

७. दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ।

८. पेश भएका दरभार पत्रहरू मिति २०८२।०८।०४गते दिउसो २:०० बजे यस कार्यालयमा खोलिने छन।

९. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ। आपूर्ति र भुक्तानि सम्बन्धी थप शर्तहरू सम्झौतामा निर्धारण गरे बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत